# मकवानपुरगढी गाउ स्वयमसेवक शिक्षक सम्वन्धी कार्यविधि २०७५

सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरियशिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणस्तर वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्वन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त एवं स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसुचि ८ , स्थानीय सरकार सञ्चालन ऐन २०७४ , मकवानपुरगढी शिक्षा ऐन, २०७४ बमोजिम मकवानपुरगढी गाउ स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५ गाउ शिक्षा समितिको बैठकबाट सिफारिसको आधारमा मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाँउ कार्यपालिकाको मिति २०७५/१०/०३ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम "मकवानपुरगढी गाउ स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५" रहेको छ ।

(२) यो कार्यविधी मकवानपुरगढी गाउँपालिका भित्रका अनुमति तथा स्वीकृती प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो कार्यविधी गाउ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) **"गाउपालिका"** भन्नाले मकवानपुरगढी गाउपालिकालाई सम्झनु पर्छ

(ख) "कार्यविधी" भन्नाले "मकवानपुरगढी गाउ स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५ लाई सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले मकवानपुरगढी गाँउ कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) **"शिक्षक दरवन्दी"** भन्नाले मकवानपुरगढी गाउँपालिका भित्रका हाल मौज्दात सवै खाले दरवन्दि र गाउपालिकाद्धारा थप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

ङ) **"शिक्षक"** भन्नाले नेपाल सरकारका स्थाई, अस्थाइ, करार, राहात र स्वयमसेवक शिक्षकलाई सम्झनु पर्छ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

च) **"स्वयम्सेवक शिक्षक"** भन्नाले मकवानपुरगढी गाउँपालिकाभित्रका अनुमति प्राप्त वा स्विकृती प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरवन्दि अभाव भई गाउ कार्यपालिकाले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ ।

छ) **"शिक्षक छनौट समिति"** भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधीको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ज) **"अध्यक्ष"** भन्नाले मकवानपुरगढी गाउ कार्य पालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

झ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले मकवानपुरगढी गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) **"शिक्षा अधिकृत"** भन्नाले गाउपालिकाको शिक्षा शाखा प्रमुख वा सो कार्य सम्वन्धीको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) **"शिक्षा शाखा"** भन्नाले मकवानपुरगढी गाउ क्षेत्र भित्रका विद्यालयको व्यवस्थापन रेखदेख तथा अनुगमन सुपरिवेक्षण र निरक्षण गर्ने शिक्षा, युवा तथा खेलकुद विकास शाखालाई सम्झनुपर्छ ।

ठ) **"विषय विशेषज्ञ"** भन्नाले सम्वन्धीत विषयमा स्नातकोत्तर (मा.वि. तह) / स्नातक तह ( आधारभुत तह) उत्तिर्ण भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ढ) **"पारिश्रमिक"** भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने पारिश्रमिक सम्झनु पर्छ ।

## परिच्छेद २

### स्वयम् सेवक शिक्षक दरवन्दी

**३.स्वयम्सेवक शिक्षक दरवन्दि अनुपात** : गाउ शिक्षा समितिले गाउ शिक्षा ऐन अनुसारको संख्यामा शिक्षक अपुग रहेका विद्यालयमा आवश्यकता बमोजिम थप गाउ स्वयमसेवक शिक्षक दरबन्दी सिर्जना गर्नेछ ।
तर, सरकारबाट कुनै प्रकारको दरवन्दि प्राप्त हुना साथ तथा स्थानीय तहवाट दरवन्दी मिलान पश्चात स्वयम्सेवक दरवन्दी स्वत: फीर्ता गरिनेछ र आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ३

### शिक्षक छनौट समिति गठन

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

४. शिक्षक छनौट समिति रहने : (१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था मकवानपुरगढी गाउ शिक्षा ऐन , २०७४ को नियम (५४) बमोजिम हुनेछ । (२) खण्ड (१) बमोजिमको समितिको विज्ञ तोक्नका लागि गाउपालिकाले विज्ञ सूची संकलन गरी सोही सूची बमोजिम गाउ कार्यपालिकाको अध्यक्षले तोक्न सक्नेछ ।

## परिच्छेद ४

**शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था**

**५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने** :-

(१) नियम (४) बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सबै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र

गाउपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना गाउपालिकाको Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**६. शिक्षक छनौट समाबेसी बनाउनु पर्ने :-**

(१) शिक्षक छनौटलाई समावेशी बनाउन गाउ

कार्यपालिकाबाट स्विकृत स्वयमसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पदमा प्रतिस्पर्दा गराउदा महिला, दलित, पिछडा वर्ग र स्थानीयलाई प्राथमिकता दिईने छ ।

(२) खण्ड (१) बमोजिम समावेसी पदका लागि योग्यता बमोजिमको उम्मेद्वार नभएमा उक्त पदलाई स्वतः खुला पदमा मिलान गराइएको मानिनेछ ।

**७. दरखास्त बुझाउनु पर्ने :-**

(१) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले स्वयम सेवक दरवन्दी प्राप्त विद्यालय व्यवस्थापन समितिले तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(२) खण्ड (१) बमोजिमको परीक्षा दस्तुर गाउ शिक्षा समतिले निर्धारण गरे बमोजिम हुनेछ ।

**८.योग्यता सम्वन्धि व्यवस्था** :-

स्वयमसेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

क) मा.वि. तह (९-१०) सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(ख) आ.वि. तह (६- ८ ) सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ग) आ.वि.तह (१-५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ङ) आधारभूत तह कक्षा (६-८) कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर एक वर्षे डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

**९.उम्मेदवारको लागि अयोग्यता :**
(१) गाउ शिक्षक स्वयम सेविकाको लागि देहायका उम्मेद्वार अयोग्य ठहरिनेछन् ।
क) गैर नेपाली नागरिक ।
ख) १८ वर्ष उमेर पुरा नभएको र ४० वर्ष उमेर पुरा भएको
ग) मगज विग्रेको
घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,
ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,
(२) स्वयम्सेवक शिक्षक भर्ना गर्दा अध्यापन अनुमतिपत्र अनिवार्य आवश्यक पर्ने छ तर मकवानपुरगढी गाउ शिक्षा समितिको निर्धारण गरेका विषयहरु (अंग्रेजी, गणित, विज्ञान, कम्प्युटर, लेखा र प्राविधिक विषयहरुको हकमा अध्यापन अनुमती पत्र आवश्यक रहने छैन ।

**१०. पाठ्यक्रम, परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया** :
(१) स्वयम्सेवक शिक्षकको लागि लिईने
परीक्षाको पाठ्यक्रम,परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**११.परीक्षाको किसिम :**
(१) गाउ शिक्षक नियुक्त गर्दा लिखित १०० पूर्णाङ्क, मौखिक २५ अंक र प्रयोगात्मक २५ अंकको रहनेछ । प्रयोगात्मक परीक्षा समितिले आवश्यकता अनुसार लिनसक्नेछ ।
लिखित परीक्षाको उर्त्तीणाङ्क ४० हुनेछ ।

(२) लिखित,मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई गाउपालिकाले नियुक्ति दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| | जम्मा अङ भार १०० | |
| | लिखित( ५० अंक) | क) वस्तुगत ४० प्रतिशत |
| | | ख) विषयगत ६०प्रतिशत |
| | अन्तरवार्ता (२५ अक) | (न्युनतम ८ |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | र वढीमा १४ अक प्रदान गर्न सकिनेछ। यदी सो भन्दा तल र माथि अक दिएमा पुस्ट्याइ दिनु पर्ने छ। |
| | १.मौखिक परिक्षा (१० अक) | १० अक |
| | २.शैक्षीक योग्यता वापत (३ अंक) | प्रथम,द्धितिय र तृतियलाइ कम्रश ३,२र १ अक दिइनेछ |
| | ३.कार्यानुभाव (२) | प्रतिवर्ष .५ का दरले वढीमा २ अंक |
| | ४. स्थानीयता वापत (१०) | सम्वन्धी वडाको भित्र १० अंक, गाउपालिका भित्र ८ जिल्लाको भित्र ५अंक |

## परिच्छेद ५

**सेवा सुविधा सम्वन्धि व्यवस्था**

१२. पारिश्रमिक सम्वन्धि व्यवस्था : (१) विभिन्न तहमा नियुक्त स्वयम्सेवक शिक्षकहरुको सेवा भत्ता देहाय बमोजिम हुनेछ -

क) मा.बि.तह (९-१०) :-

(ख) आधारभूत तह (६-८) :-

(ग) आधारभूत तह (१-५) :-

**१३. बिदा सम्वन्धि व्यवस्था :** (क) स्वयम्सेवक शिक्षकको विदा सम्बन्धी व्यवस्था गााउ शिक्षा ऐन २०७४ बमोजिम हुनेछ ।

ख) स्वयम्सेवक शिक्षकको बिदा सम्बन्धित कार्य विद्यालयको प्र.अ.ले गर्ने छ ।

**१४. सरुवा :**

(१) गाउ स्वयमसेवक शिक्षकलाई सरुवा गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएकता पनि कुनै विद्यालयमा विशेष परिस्थितीमा पठन पाठन नै अवरुद्ध हुने अवस्था आएमा पठन पाठन संचालनका लागि एक ठाँउबाट अर्को ठाँउमा काज खटाउन बाधा पर्नेछैन ।

**१५. बचाउ र खारेजी :**

(१) यस कार्यविधीमा उल्लेख नभएका विषयहरु संघीय, प्रदेश र मकवानपुरगढी गाउपालिकाको अन्य कानून बमोजिम हुनेछन् ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

(२) यस कार्यविधीमा भएका व्यवस्था संघीय वा प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएको दफा स्वतः रद्द हुनेछ ।